स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही मंसिर २९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'दुई कदम'बाट नेपाली फिल्म क्षेत्रले एक नयाँ अनुहार पाउँदैछ । उनी हुन्, इओन लिम्बु । फिल्मको हिरो बन्ने सपना उनको बाल्यकालदेखिको हो । यसका लागि उनले फिल्म सम्बन्धी अध्ययन पनि गरिरहेका छन् । यतिबेला उनी अस्कर इन्टरनेशनल कलेजमा 'ब्याचलर इन सिनेमा स्टडिज'मा अन्तिम वर्षमा अध्ययन गर्दैछन् । इओन आफ्नो पहिलो फिल्मलाई लिएर जति उत्साहित छन्, त्यति नै डर महसुस पनि गरिरहेका छन् ।

**आजको विचार...**



नेतृत्व...

(दुई पेजमा)

विष्णुप्रसाद खनाल



भोजपुरी स्टार खेसारीलाल यादवले नेपालका विभिन्न ठाउँमा आगामी फिल्म 'निरहुवा हाजिर हो'को छायांकन गरेका छन् । फिल्मका चार गीतको सुटिङपछि उनी पटना फर्किएका छन् । पाँच दिनसम्म नेपालमा सुटिङ गरेर खेसारीलाल सहितको टोली फर्किएको हो । सप्पु नामले चर्चित अभिनेत्री शकुन्तला पनि आएकी थिइन् । एक गीतमा खेसारीलालले नेपाली मोडल उषा उप्रेतीसँग अभिनय गरेको जनाइएको छ । नेपालमा समेत खेसारीलालको ठूलो फ्यान फलोइङ छ ।

❒ वर्ष २९ ❒ अंक ११९ ❒ २०८० मंसिर ११ गते सोमबार 27 November 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### सडक दुर्घटनामा चार जनाको मृत्यु



**(रासस/सिन्हवा)**

**मेयमाना, अफगानिस्तान,** मंसिर१०/ उत्तरी अफगानिस्तानको फरयाब प्रान्तमा आइतबार एउटा कार सडकबाट चिप्लिएर भएको दुर्घटनामा कम्तीमा चार जनाको मृत्यु भएको छ । उक्त घटनामा अन्य छ जना घाइते भएका प्रान्तीय सूचना तथा संस्कृति निर्देशक शमसुदिन मोहम्मदीले जानकारी दिए ।

बुल्चेराग जिल्लामा मध्याह्नतिर भएको उक्त दुर्घटनामा दुई बालबालिकासहित चार जनाको घटनास्थलमै मृत्यु भएको थियो भने तीन बालबालिका र एक महिलासहित अन्य छ जना घाइते भएका थिए । उक्त जिल्लामा शुक्रबार पनि दुई वटा सडक दुर्घटनामा परी चार जनाको मृत्यु भएको थियो । अफगानिस्तानको खराब सडक अवस्था, भीडभाड हुने सडकमा यात्रा गर्दा सुरक्षाका उपायको अभाव, सवारी साधनको अस्तव्यस्तता र लापरबाहीपूर्वक सवारी चलाउनुलाई अफगानिस्तानको सडक दुर्घटनाका लागि जिम्मेवार ठहऱ्याइने गरेको छ ।

## लुम्बिनी प्रदेश सरकार

# आर्थिक भार थप्न मन्त्रालय बढाउनु हुँदैन भन्ने काँग्रेसको स्पष्ट अडान हो : सभापति पुन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १०/नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले आर्थिक भार थप्न मन्त्रालय बढाउन हुँदैन भन्ने काँग्रेसको स्पष्ट अडान रहेको बताएका छन् । आइतबार नेपाल प्रेस युनियन पाल्पा शाखाले तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै सभापति पुनले आर्थिक अवस्था डामाडोल भएको बेला मन्त्रालय बढाएर आर्थिक भार थप्न नहुने काँग्रेसको अडान रहेको बताएका हुन् ।

लुम्बिनी प्रदेश सरकार, काँग्रेसको नेतृत्वमा रहेको तर मन्त्रीमण्डल बढाउने विषयले अझै पनि पूर्णता पाउन नसकेको उनको भनाई छ । सभापति पुनले भने 'हामीले पटक -पटक भएका मन्त्रालय तुरुन्त बनाएर मन्त्रीपरिषद विस्तार गर्न सरकारलाई भनेका छौं ।' सबैलाई भागबण्डा चाहिएकाले सरकार विस्तारमा ढिलाई भएको सभापति पुनले बताए । उनले भने 'मुख्यमन्त्रीसहित अहिले १० वटा





मन्त्रालय छन्, अझै अरु दुई/तीनवटा थप्नुपर्ने भन्ने छ, पार्टीको नीतिगत रुपमा १० भन्दा १२/१३ बनाउने कुनै कारण छैन, यी नै १० भित्र बसेर काम गर्नुहोस् भनेका छौं ।' अहिलेको अवस्थामा मन्त्रालय बढाउन आवश्यक नरहेकाले भएका मन्त्रालयलाई पूर्णता दिन प्रदेश सरकारलाई काँग्रेसले निर्देशन दिइसकेको सभापति पुनको भनाई छ । 'अहिले प्रदेशमा मन्त्रालय बढाउनु पर्ने औचित्य के नै छ र ? के का लागि मन्त्रालय बढाउने ?' उनले भने 'प्रदेशको आवश्यकतालाई हेरेर मन्त्रालय बढाउने होला नि, कुनै दल विशेषको स्वार्थका लागि मात्रै मन्त्रालय बढाउनु कदापि उचित हुँदैन ।' अहिले प्रदेश तहको औचित्य माथि प्रश्न उठिरहेका बेला मन्त्रालय बढाएर प्रदेशको आर्थिक भार बढाउने कार्य सही नहुने भन्दै सभापति पुनले अहिले तत्काल मन्त्रालय बढाउने निर्णय जायज नभएको काँग्रेसको निष्कर्ष रहेको बताए । 'प्रदेश सञ्चालनका लागि मन्त्रालय बढाउनै पर्ने अवस्था आयो भने यस बारेमा पछि सोच्न सकिन्छ नि,' पुनले भने 'तर अहिले हतारमा मन्त्रालय बढाएर जनताको इच्छा आकांक्षा पुरा हुने वाला छैन, यहीलाई नै पुरा गर्नुहोस् भनेर हामीले अडान लिएका छौं , यहाँ पार्टीले रोक्यौं भनिएको छ तर त्यसो होइन हामीले त जो सुकैलाई बनाएर पनि छिटो भन्दा छिटो मन्त्रिपरिषद् विस्तार गर्नुहोस् भनेका हौं ।' सरकारले ढिलो गरेको र पार्टीको सम्मेलनपछि सरकारले पूर्णता पाउनेमा आफु विश्वस्त रहेको उनले बताए ।

सभापति पुनले काँग्रेसमा समस्या रहेको तर त्यसलाई समाधान गर्न सम्मेलन आयोजना गरिएको धारणा व्यक्त गरे । उनले पार्टीको अधिवेशनलाई समेत सच्याउनका लागि सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने बताए । सभापति पुनले भने 'पार्टीका अधिवेशन समयमा नहुने र भए पनि स्थानीय, प्रदेश र संघीय निर्वाचन हुने बेला मात्रै अधिवेशन हुने गर्दछ , यसले निर्वाचनका बेला पार्टी भित्रै आन्तरिक असन्तुष्टि सिर्जना गराउँछ, त्यसका लागि निर्वाचन हुनु एक/दुई वर्ष अगाडि नै अधिवेशन गराउनुपर्छ भन्ने कुराको जोड दिन पनि सम्मेलन महत्वपूर्ण हुने छ ।' मंसिर १६ र १७ गते बुटवलमा प्रदेश सम्मेलन हुन लागेको उनले बताए ।

शनिबार गुल्मीमा भएको दोस्रो सम्मेलनमा भाग लिएर फर्किएका पुनलाई नेपाल प्रेस युनियन पाल्पाले तानसेनमा स्वागतसँगै अन्तर्क्रिया गरेको हो । युनियनका जिल्ला अध्यक्ष मन गहिरेको अध्यक्षता, युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालको स्वागत, जिल्ला उपाध्यक्ष रामचन्द्र रायमाझीको सञ्चालनमा पत्रकार भेटघाट कार्यक्रम भएको थियो ।

## आज गुरु नानक जयन्ती मनाइँदै



**पाल्पा,** मंसिर १०/प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमाका दिन मनाइने शिख सम्प्रदायका प्रवर्तक गुरु नानकको जन्मजयन्ती आज सोमबार विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ । कात्तिक पूर्णिमाकै दिन शिख धर्मका दश विशेष गुरुमध्येका प्रथम गुरु गुरु नानकको जन्म भएको हो ।

उनको विसं १५२६ कार्तिक शुक्ल पूर्णिमाका दिन पाकिस्तानको पञ्जाव प्रान्तमा जन्म भएको थियो । उनले शिख धर्म ग्रन्थ 'गुरु गन्थ साहेव'को रचना गरेका थिए । जातिवादको अन्त्य गरी मानवतावादी दर्शनको सुरुआत गर्ने प्रवर्तकको रुपमा उनलाई चिनिन्छ । यस दिन पवित्रस्थल गुरुद्वारामा विशेष पूजा अर्चना गर्दै विभिन्न धार्मिक एवं सामाजिक कार्यक्रम गरी गुरु नानकको जन्मजयन्ती मनाउने गरिन्छ । शिखको पवित्र धार्मिक ग्रन्थ 'गुरु ग्रन्थ साहिब' को रचना गर्ने गुरु नानकले समाजमा व्याप्त अन्धविश्वास, घृणा र भेदभावको अन्त्य गरी आपसी प्रेम र भ्रातृत्वको भावनालाई अभिवृद्धि गर्ने उद्देश्यले विनाभेदभाव निःशुल्क सामुदायिक भोजन गर्ने 'लङ्गर परम्परा'को थालनी गरेका थिए । निर्गुण उपासनाका पक्षपाती गुरु नानक 'ईश्वर एक छन्, उनी सर्वशक्तिमान् छन् यही नै सत्य हो' भन्ने विचारमा विश्वास गर्थे । आजको दिनलाई गुरु नानक प्रकाशोत्सव र गुरुपर्व पनि भनिन्छ । संसारभरका शिख धर्मावलम्बीहरूले बडो श्रद्धाका साथ मनाउने गर्दछन् । देशका विभिन्न स्थानमा गुरुद्वारा रहेका छन् । ती सम्पूर्ण स्थानमा अनेक कार्यक्रमको आयोजना गरी गुरू नानकलाई सम्झिइने गरिन्छ ।

## ठेक्का रद्दको चेतावनीपछि काममा फर्किए ठेकेदार

**गलकोट (बागलुङ),** मंसिर १०/ मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ सदरमुकाम खण्ड निर्माणको जिम्मेवारी पाएको निर्माण व्यवसायी लामो समयपछि काममा फर्किएको छ । राष्ट्रिय गौरवको आयोजना अन्तर्गत बागलुङमा पर्ने एक सय ४२ किलोमिटर सडकमध्ये बागलुङ सदरमुकाम खण्डमा मात्रै सडक कालोपत्र गर्न बाँकी रहेको छ । बागलुङबाट बिहुँसम्मको २५ किलोमिटर सडक दुई भागमा बाँडेर ठेक्का लगाइएको थियो ।



बागलुङ बजारबाट अछेते हुँदै बिहुँ टापुसम्मको १३ किलोमिटर र बिहुबाट घोडाँबाधेसम्मको १२ किलोमिटर सडक कालोपत्रका लागि आठ वर्षअघि ठेक्का लगाइएको भए पनि अहिलेसम्म कालोपत्र सम्पन्न हुनसकेको छैन । बिहुँबाट घोडाँबाधेसम्मको १२ किलोमिटर सडकको जिम्मा पाएको सूर्य कन्ट्रक्सन काममा नफर्केपछि ठेक्का रद्द गरिएको र बागलुङ बजारबाट बिहुँसम्मको १३ किलोमिटर सडक निर्माणको जिम्मा पाएको भारत सिद्धिसाई ठेक्का रद्दको चेतावनीपछि काममा फर्किएको मध्यपहाडी पुष्पलाल लोकमार्ग पर्वतका सूचना अधिकारी इन्जिनियर पवन सुवेदीले जानकारी दिए । उनका अनुसार दुवै निर्माण व्यवसायीलाई ठेक्का रद्दका लागि सूचना प्रकाशित गरेपछि तल्लो खण्डको निर्माण व्यवसायी लामो समयपछि काममा फर्केको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## १६ दिने अभियानको सार्थकता

शनिबारदेखि लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ । हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मका १६ दिन विश्वभर लैंगिक हिंसाविरुद्ध अभियानका रुपमा मनाउने चलन छ । आमनागरिकलाई लैंगिक हिंसाविरुद्ध सचेत गराउँदै प्रत्येक परिवार र समुदायलाई जिम्मेवार बनाउने तथा हिंसा न्यूनीकरणमा सबै निकाय तथा नागरिकलाई थप जिम्मेवार बनाउने उद्देश्य यो अभियानले थालेको हो । नेपालमा पनि २०५४ सालदेखि यो अभियान सञ्चालन हुँदै आएको छ । सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसाविरुद्धको दिवस मनाउँदै आएपनि सन् १९९९ मा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसाविरुद्धको अभियान थालनी भएको हो । नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी मनाईंदै आए पनि विसं २०७५ कात्तिक २९ गतेको मन्त्रिपरिषद्को बैठकबाट हरेक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको १६ दिने अभियान दिवसका रुपमा मनाउने घोषणा गरेको थियो । यस अभियानलाई प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सबै समुदायदेखि तहसम्म विभिन्न कार्यक्रमका साथ यो दिवस मनाउन थालिएको पाइन्छ, तर वर्षौंदेखि यो अभियान सञ्चालन भए पनि हिंसा भने ज्यूँका त्यूँ नै छ । यो अत्यन्त दु:खको कुरा हो ।

महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोण, सामाजिक मूल्यमान्यताका कारण महिला हिंसा अन्त्य हुन सकेको छैन । महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई राज्यले कानुनद्वारा दण्डनीय बनाए पनि समाजमा व्याप्त दाइजो प्रथा, बोक्सी प्रथा, बालविवाह, छाउप्रथाजस्ता अन्धविश्वासले आज पनि महिलाहरु प्रताडित हुँदै आएका छन् । महिला हिंसाविरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धताहरु व्यक्त गरिएको भएता पनि तिनको व्याावहारिक कार्यान्वयन भने समाजमा हुन सकिरहेको छैन । यसर्थ ति प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न सकियो भने मात्र १६ दिने अभियानले सार्थकता प्राप्त गर्न सक्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने छ ।

## Opinion @ Social Network

जीवनको दौड धुपमा केही अफ्ठ्यारोहरु पक्कै आउन सक्छन्
तर हिम्मत हार्नु हुँदैन यहाँ कछुवाले रेस जितेको इतिहास छ ।
(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.rana)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेतृत्व परिवर्तन कि व्यवस्था ?



**विष्णुप्रसाद खनाल**

*नेपालमा गणतन्त्र आएको पनि करिब १७ वर्ष पुग्न लगेको छ । गणतन्त्र स्थापना भएको १७ वर्षको अवधिमा भएका क्रियाकलापको कारण आज गणतन्त्रको विकल्प खोज्न विभिन्न समूह सडकमा आउन थालेका छन् भने एउटा राजनीतिक दल त संसद्मा पनि रहेको छ । दुर्गा प्रसाई समूहले विभिन्न माग राख्दै ७ गते बल्खुमा प्रदर्शन गर्दा दुई प्रहरीसहित २८ जना घाइते भएका थिए भने शुक्रबार उनीहरुले तीनकुनेमा प्रदर्शन गर्ने भनिए तापनि काठमाडौं प्रशासनले रोक लगाएको थियो भने प्रसाईलाई उनको सानोठिमीस्थित घरमा प्रहरीले निगरानीमा राखेको थियो । पछिल्लो समयमा खास गरी नागरिकहरू व्यवस्था र नेतृत्वप्रति रुष्ट हुन थालेका छन् ।*

बाइसे र चौबीसे राज्यलाई एकीकरण गर्दै नेपालमा पृथ्वीनारायण शाहको नेतत्वमा शाहवंशको उदय भयो तथापि उनका पूर्खाहरू तत्कालीन गोरखा राज्यमा शासन गरिरहेका थिए । नेपालमा शाहकालमा लामो समयसम्म पारिवारिक शासन चल्न थाल्यो । तत्कालीन राणा शासन पनि त्यसभन्दा फरक थिएन । भ्रष्टाचार त्यस बेला थिएन भन्ने होइन तर त्यो मोजमस्ती, अनियमितता र भ्रष्ट्राचार परिवारमा मात्रै सीमित थियो । पछिल्लो समयमा त्यसका आसेपासेहरू जोडिन थालेका थिए । शाहकाल र राणाकालको समयमा विभिन्न पर्व तथा काण्ड नघटेका होइनन् तर ती काण्ड तथा पर्वहरू राणा परिवारभित्र घटेका थिए । प्रत्यक्ष रूपमा जनतासँग जोडिएका थिएनन् । नेपालमा नेपालको एकीकरणपछि पृथ्वीनारायण शाह, प्रतापसिंह शाह, रणबहादुर शाह, गीर्वाणयुद्ध, विक्रमशाह, राजेन्द्र विक्रम शाह, सुरेन्द्र विक्रम शाह, पृथ्वीवीरविक्रम शाह, त्रिभुवनवीरविक्रम शाह, महेन्द्र शाह, वीरेन्द्र शाह, दीपेन्द्र शाह र ज्ञानेन्द्र शाह राजा भए । शाहकालकै समयमा नेपालमा राणाको उदय भयो र पतन पनि भयो । राणा शासनको सुरुवात जंगबहादुर राणाले गरे त्यसपछि रणोदीप सिंह, वीरशमशेर जबरा, देवशमशेर जबरा, चन्द्रशमशेर जबरा, भीमशमशेर जबरा, जुद्धशमशेर जबरा, पद्मशमशेर जबरा र मोहनशमशेर जंगबहादुर राणाले शासन गरे ।

त्यतिबेलासम्म नेपालको अवस्था जे थियो, जस्तो थियो त्यो सबै उनीहरूकै कारणले भयो । नेपालमा रणा शासनको अन्त्य भएपछि मातृकाप्रसाद कोइराला प्रधानमन्त्री बने । त्यसपछि क्रमश : टंकप्रसाद आचार्य, कुँवर इन्द्रजित सिंह, सुवर्णशमशेर, विश्वेश्वर प्रसादकोइराला, तुल्सीगिरी, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, नगेन्द्रप्रसाद रिजाल, लोकेन्द्रबहादुर चन्द, मरिचमान सिंह श्रेष्ठ, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, शेरबहादुर देउवा, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, माधवकुमार नेपाल, बाबुराम भट्टराई, खिलराज रेग्मी, सुशील कोइराला र केपी शर्मा ओली जस्ता व्यक्तिहरू प्रधानमन्त्री भएर नेपालको शासन गरेका छन् भने अहिले प्रधानमन्त्री पुष्पकमल दाहाल रहेका छन् । शासन व्यवस्थाकै कुरा गर्दा नेपालमा गणतन्त्र आएपछि रामवरण यादव, विद्यादेवी भण्डारी र रामचन्द्र पौडेलले राष्ट्रपतित्व निर्वाह गरिसकेका छन् । यसरी कैयौं दर्जन मानिसहरूले देशको शासन गर्दा देशको अवस्था दिनानुदिन खस्किँदै गएको छ । नेपाल र नेपालीले विभिन्न व्यवस्था खास गरी शाहकालीन व्यवस्था, राणाकालीन व्यवस्था, पञ्चायतकालीन व्यवस्था, प्रजातान्त्रिक तथा लोकतान्त्रिक व्यवस्था र गणतन्त्रात्मक व्यवस्थासमेत भोगिसकेको छ तर कुनै पनि व्यवस्थाले जनताको अवस्थामा सुधार आउन नसकेको अवस्था छ । कुन व्यवस्था ठीक वा बेठीकभन्दा पनि त्यस व्यवस्थामा देशको नेतृत्व गर्नेहरूको प्रवृत्ति र जनताको नागरिक अधिकार जोडिएर आउने गर्दछ । खर्च व्यवस्थापन र विकास एवं सुशासन गर्ने अवस्थाले त्यसलाई निर्धारण गर्ने गर्दछ । जब कानुनहरूको कार्यान्वयन हुँदैन, नागरिकहरूका अधिकार सुरक्षित हुँदैनन्, देशमा शान्ति र अमनचयन कायम हुँदैन तब जुनसुकै व्यवस्था आए पनि त्यसले प्रतिफल दिन सक्दैन । एकातिर देशमा रोजगारी नहुनु, बैंक तथा वित्तीय संस्थाको ऋण बढ्दै जानु, देशमा भएका उद्योगधन्दा तथा कलकारखाना बन्द हुँदै जानु, आर्थिक अनियमतिताले सीमापार गर्नु, पुँजीगत खर्चको तुलनामा चालु खर्च बढ्दै जानु, हजारौं युवा रोजगारीको खोजीमा विदेशिनु, महँगी र कालोबजारी जस्ता समस्याहरू बढ्दै गएपछि व्यवस्थामाथि प्रश्नचिफन खडा हुनु स्वाभाविकै हो ।

कुनै पनि व्यवस्था ठीक भएन भने त्यसको विकल्पमा अन्य व्यवस्था भन्ने कुरा आउँछ तर वैकल्पिक व्यवस्थामा पनि गल्ती र कमजोरीहरू सुधार गर्न सकिएन भने त्यसले नागरिकलाई पुरानै अवस्थामा फर्कने अवस्थाको सिर्जना हुनसक्छ । कुन व्यस्थाले के ल्यायोभन्दा पनि अहिले व्यवस्थाप्रति मानिस किन निरास बन्न थाले त्यसको समाधान खोज्न जरुरी देखिन्छ । सवाल अहिले तीन प्रकारको व्यवस्थामा केन्द्रित हुन थालेको छ । राजतन्त्र, लोकतन्त्र र गणतन्त्र तर यी तीन खालका व्यवस्था नेपालले भोगिसकेको छ । देशको शासन तथा सञ्चालन अधिकार एउटा व्यक्ति तथा परिवारमा सीमित हुने प्रणाली नेपालको राणाकालीन र शाहकालीन अवस्थामा मात्रै होइन लोकतन्त्र र गणतन्त्रमा पनि देखिन थालेको छ । नेपालमा गणतन्त्र आएको पनि करिब १७ वर्ष पुग्न लगेको छ । गणतन्त्र स्थापना भएको १७ वर्षको अवधिमा भएका क्रियाकलापको कारण आज गणतन्त्रको विकल्प खोज्न विभिन्न समूह सडकमा आउन थालेका छन् भने एउटा राजनीतिक दल त संसद्मा पनि रहेको छ । दुर्गा प्रसाई समूहले विभिन्न माग राख्दै ७ गते बल्खुमा प्रदर्शन गर्दा दुई प्रहरीसहित २८ जना घाइते भएका थिए भने शुक्रबार उनीहरूले तीनकुनेमा प्रदर्शन गर्ने भनिए तापनि काठमाडौं प्रशासनले रोक लगाएको थियो भने प्रसाईलाई उनको सानोठिमीस्थित घरमा प्रहरीले निगरानीमा राखेको थियो । पछिल्लो समयमा खास गरी नागरिकहरू व्यवस्था र नेतृत्वप्रति रुष्ट हुन थालेका छन् । सबैको अपनत्व हुनेगरी संविधान संशोधन गर्नुपर्ने तथा भ्रष्टाचारलाई नियन्त्रण गर्ने कुरा कुनै नाजायज छ भन्न मिल्दैन । संरचनामा भएका अनावश्यक प्रतिनिधिहरूको कटौती गर्ने, केन्द्र र स्थानीय तहलाई बलियो बनाउने कुरा कुनै पनि दृष्टिकोणबाट गलत मानिँदैन तर एउटा परिवारले नै देशको नेतृत्व गरिरहने राजतन्त्र, लोकतन्त्र वा गणतन्त्रमा जनताको अधिकार सुरक्षित हुँदैन् भन्ने कुरा स्पष्ट छ । गणतन्त्रवादीहरूको प्रश्न देशमा २ सय ४० वर्ष शासन गर्दा नेपाली जनताले के पाए वा के गुमाए भन्ने कुरा सतहमा आयो । तत्कालीन माओवादी र सात दलले दिल्ली सम्झौता गरे र त्यसैको आधारमा जनआन्दोलनको माध्यमबाट नेपालबाट राजा र राजतन्त्रलाई बिदाइ गरियो तर त्यसपछिका १७ वर्षमा एउटा राजाको ठाउँमा धेरै राजाहरू जन्मिन थाले । संविधान वा विधानमा जे कुरा उल्लेख गरे तापनि एउटै व्यक्तिले दशकौंसम्म राजनीतिक दलको नेतृत्व गर्न थाल्यो । प्रधानमन्त्री तथा राष्ट्रपति कुनै दलको कार्यकर्ता जस्ता बन्न थालेपछि नेपालीहरूले गणतन्त्रलाई सत्तोसराप गर्न थालेका छन् ।

अहिले नागरिकहरूको बीचमा दुईवटा सवाल बहसमा आएका छन् । एकथरि नागरिकहरू हजारौं राजाहरू पाल्नुभन्दा एउटा राजा पाल्नु उचित भएको तर्क पेश गर्ने गर्दछन् भने अर्कोथरी नागरिकहरू राजाको समयमा भएका ज्यादती, दमन र अत्याचारहरू सम्झेर राजतन्त्रभन्दा गणतन्त्र नै उचित भन्ने तर्क गर्दछन् । नेतृत्व परिवर्तनको कुरा पनि पटक-पटक उठ्ने गर्दछ तर दशकौंदेखि नेतृत्व गरेकाहरू तत्काल नेतृत्व हस्तान्तरण गर्ने अवस्थामा छैनन् । आफू राम्रो काम नगर्ने र अरूलाई पनि काम गर्न नदिने प्रवृत्ति हावी हुँदै गएको छ । नागरिकमाथिको अधिकार कुण्ठित गर्दा जहाँनिया राणा शासनको पतन भयो । राजा महेन्द्रले सत्ता हातमा लिएपछि १९ वर्षमै जनमत संग्रहको अवस्थामा देश पुग्यो भने तीस वर्षमा पञ्चायत नै ढल्यो । तत्कालीन माओवादी समस्यालाई समयमा सम्बोधन गर्न नसक्दा र शासनसत्तामा शक्तिशाली बन्न खोज्दा तत्कालीन राजा ज्ञानेन्द्रले राजगद्दी त्यागनुपर्ने अवस्था आयो अनि गणतन्त्रको स्थापना भयो । आज गणतन्त्र स्थापना भएको पनि डेढ दशकभन्दा बढी भइसकेको छ तर नागरिकका केही स्वतन्त्रता र सूचनाको हकबाहेक जनताको अवस्थामा परिवर्तन आएको छैन । वैदेशिक ऋण र आयातले सीमा नाघेको छ, भ्रष्ट्राचारका फाइलहरू खुल्न सकेका छैनन्, खुलेका फाइल पनि अलपत्र परेको अवस्था छ । जनप्रतिनिधिहरूको संख्या उच्च भएपछि र संघीयता महँगो भएका कारण चालु खर्च बढ्दै जाने र पुँजीगत खर्च तथा विकास खर्च कम भएपछि विकासका कार्य समयमा सम्पन्न नहुने र त्यसमा पनि अनियमितता हुने भएकाले मानिसहरू संघीयताप्रति विस्तारै नकरात्मक हुनथालेका छन् ।

अन्त्यमा, देशमा सुशासन कायम हुन सकेन भने, समयमा योजना तथा आयोजना सम्पन्न हुन सकेन भने, देशमा नागरिकको आधिकार प्रत्याभूति भएन भने, शान्ति सुरक्षा भएन भने वर्तमान व्यवस्थामाथि प्रश्नचिफन खडा हुनसक्छ । अराजक तरिकाले गरिने आन्दोलनले कहिल्ले पनि व्यावस्था परिवर्तन गर्न सक्दैन तर जनताको निराशा र राजीतिक दलहरूप्रतिको वितृष्णाले निरन्तरता पाएको खण्डमा यो व्यवस्था नै धरापमा नपर्ला भन्न सकिँदैन । तसर्थ राज्य र राज्यसञ्चालन गर्नेहरू जनताप्रति जवाफदेही र उत्तरदायी हुन आवश्यक छ । जहाँसम्म स्वदेशमा रोजगारीको सिर्जना गर्ने तथा उद्योगधन्दाको विकास गर्ने सन्दर्भमा राज्य सम्वेदनशील हुनु आवश्यक छ । देशको विकासका लागि उपयुक्त नेतृत्व भएको खण्डमा गणतन्त्रमा व्यवस्थापकीय हिसाबले उपयुक्त व्यवस्था हो तर नाममात्रको गणतन्त्रले जनताको अवस्थामा सुधार हुन्छ भन्ने कुरा अहिलेको अवस्थालाई हेर्दा त्यो अलि कठिन नै देखिन्छ । जबसम्म जनता सुखी र समृद्ध हुँदैनन्, स्वतन्त्र हुँदैनन् तबसम्म जुनसुकै व्यवस्था भए पनि त्यसले केही फरक नपार्ने देखिन्छ । तर, लोकतन्त्रको विकल्प लोकतन्त्र नै भएकाले लोकतन्त्र र प्रजातन्त्रमा विश्वास गर्ने दलहरू सबै पक्षाको अपनत्व हुनेगरी उनीहरूलाई समेटेर समयमै सच्चिनु आवश्यक छ । देशलाई उपयुक्त नेतृत्व दिनु अझै आवश्यक छ ।


**-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धन खर्च बढ्नेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |



# त्रिवि पुस्तकालय २४ सै घण्टा सञ्चालन

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय २४ सै घण्टा सञ्चालनमा आएको छ । विद्यार्थीलाई पठन संस्कृतिमा सहज बनाउनका लागि पुस्तकालय २४ घण्टा नै सञ्चालनमा ल्याइएको हो । पुस्तकालयका निमित्त प्रमुख सागरराज सुवेदीले पढ्ने मानिसलाई सहजताका लागि पुस्तकालयको तीन अध्ययन कक्ष सातै दिन २४ सै घण्टा नै खुला गरिएको जानकारी दिए । उनका अनुसार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को आग्रहमा त्रिविले पुस्तकालयको अध्ययन कक्ष २४ घण्टा सञ्चालनमा ल्याएको हो ।



यसअघि पुस्तकालयको अध्ययन कक्ष बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म खुल्ने गरेको थियो । "दिउँसो समय नहुने विद्यार्थीका लागि हामीले सहजता उपलब्ध गराउने उद्देश्यले रातभर नै पुस्तकालयको अध्ययन कक्ष सञ्चालन ल्याएको हौँ", सुवेदीले भने, "राति एक समूहका विद्यार्थी आउने गरेका छन् ।" पुस्तकालय अधिकृत विजय शर्माका अनुसार अनुसन्धानकर्ता, दिउँसो काम गर्ने र राति अध्ययन गर्नेलगायत व्यक्ति रातिको समयमा पढ्न आउने गर्दछन् । "रातिको समयमा दैनिक १५ देखि २० जना आउने गर्नुभएको छ", उनले भने, "साँझ ७ बजे आएर बिहान ६ बजेसम्म पढेर जाने समूह छ ।" पुस्तकालयको सदस्यता लिएका जोकोही पनि राति आएर पढ्न पाउने शर्माले जानकारी दिए । "रू एक हजारमा एक वर्षको, रू छ सयमा छ महिनाको पुस्तकालयको सदस्यता बन्न सकिन्छ", उनले भने, "त्रिविका विद्यार्थीबाहेक सात सय पुस्तकालयको सदस्यता बनेका छन् ।" पुस्तकालय अधिकृत शर्माले राति पढ्ने विद्यार्थी प्रायजसो एकाग्रह भएर पढ्ने खालका, घरमा पढ्ने वातावरण नभएका आउने गरेका बताए । "खाना खाएर विद्यार्थी अध्ययन कक्षमा लगातार पढ्ने गरेका छन्", उनले भने, "अहिले धेरैजसो वरिपरिका विद्यार्थी नै रहेका छन् ।" शर्माका अनुसार राति पढ्ने विद्यार्थीका लागि सिटीलाइट, बस र खाजा खाने क्यान्टिनलगायतको समस्या रहेको छ । पुस्तकालयको मुख्य भवन पनि खुल्ने समय बढाइएको उनको भनाइ थियो । पुस्तकालयको सदस्यता लिएकाले बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म अध्ययन गर्न पाउने जनाउँदै शर्माले यसअघि मुख्य भवनमा रहेको पुस्तकालय बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र सञ्चालन हुने गरेको बताए । स्ववियु सचिव सिद्धान्त भट्टले विद्यार्थीलाई ध्यानमा राखेर पुस्तकालयको खुल्ने समय बढाइएको बताए । "विश्वविद्यालयका विद्यार्थीमा पढ्ने संस्कृतिको विकास होस् भन्ने उद्देश्यले पुस्तकालय २४सै घण्टा खोल्न पहल गरेका हौँ", उनले भने, "२४सै घण्टा पुस्तकालय खोल्दा अन्य विश्वविद्यालयका विद्यार्थी पनि आएर खोज अनुसन्धान विषयमा अध्ययन गर्न पाएका छन् ।" भट्टले पुस्तकालयका २४सै घण्टा खोले पनि पनि पढ्ने विद्यार्थीलाई क्यान्टिन नहुँदा रातिपख चिया, खाजाको समस्या रहेको बताए । उनका अनुसार अहिले पुस्तकालयमा चार लाख ४० हजार राष्ट्रिय र अन्तर्राष्ट्रिय पुस्तक रहेका छन् । पुस्तकालयको सदस्यता बनेका जोकोहीले पनि ती पुस्तक घरमा लगेर पढ्न पाउनुका साथै अनलाइनका माध्ययबाट पनि पुस्तक पढ्न पाउनेछन् । यहाँ दैनिक सात सयभन्दा बढी विद्यार्थी पढ्न आउने गरेका छन् । पुस्तकालयका निमित्त प्रमुख सुवेदीका अनुसार आगामी महिनादेखि पुस्तकालय नयाँ भवनमा सर्ने बताए । उनले अपाङ्गमैत्री साढे चार तलाको अत्याधुनिक भवनमा पुस्तकालय सर्ने जानकारी दिए । उनका अनुसार नयाँ भवनमा एकै पटक दुई हजार विद्यार्थी पढ्न मिल्नेछ । ***-रासस***

# पढ्ने उमेरमा श्रम गर्न बाध्य छन् बालबालिका

तुलसीपुर उपमहानगरपालिका-६ की रेखा चौधरी १३ वर्षकी पुगिन् । अहिले उनलाई आफू र ११ वर्षीया बहिनी रेणुका चौधरीलाई कसरी पालनपोषण गरौँ र पढाइको खर्च जुटाउँ भन्ने पिरलो छ । यो उमेरमै व्यवहारका कारण पाको बन्नुपरेको छ उनलाई । त्यसैले उनले बहिनीको जिम्मेवारी पनि लिनुपरेको छ । घरखर्च चलाउन र पढाउनका लागि उनले बिहान बेलुका अरुको घरमा भाँडा माझ्ने काम गर्ने गर्दछिन् । भाँडा माझ्ने र घर सफा गर्ने कामबाट समय निकालेर उनी दिउँसोको समयमा स्कुल जाने गरेकी छिन् । बिहानको समयमा अरुको घरमा काम गरेपछि दिउँसो स्कुल जाने गरेको उनले बताउँछिन् ।

उनको घर दङ्गीशरण गाउँपालिकाको मीरौली गाउँमा छ । तर आफ्नो घर त्यहाँ छ भन्ने मात्र उनले सुनेकी छिन्, देखेकी छैनन् । उनी भन्छिन्, "पहिला आमाले भन्ने मात्र सुनेकी छु तर मेरो घर त्यहाँ कहाँ पर्छ भन्ने मैले आफैँ देखेकी छैन ।" रेखा भन्छिन्, "बुबा पनि कहाँ हुनुहुन्छ मलाई थाहा छैन । उहाँले हामी सानो छँदा आमालाई कुटपिट गर्ने गरेको त थाहा थियो तर पछि आमाले त्यो पीडा सहन नसकेर अलग्गै बसेको बताउनुभएको थियो । बुबाले सधैँ आमालाई गाली गर्ने, कुपटपिट गर्ने, गरिबकी छोरी भन्दै हेला गर्न थाल्नुभयो । बाबुको यातना सहन नसकेपछि आमाले पनि दोस्रो बिहे गर्नुभएको हो ।" रेखाकी आमाले दोस्रो बिहे गरेको पनि नौ वर्ष पुगेको रेखाले सुनाइन् । उनले भनिन्, "नौ वर्ष भयो आमाले दोस्रो बिहे गरेको हामी सानै थियौँ । केही समय हामी पनि सोही घरमा सँगै बसेका थियौँ ।" केही समयपछि रेखाका दुःखका दिन पुनः सुरु भए । आमाले बिहे गरी गएका कान्छो बुवाका घरमा पनि अर्काका सन्तानलाई किन पाल्ने भन्दै आमालाई गाली गर्न थाले । त्यसपछि आफूहरु आमा नभएको मौका छोपेर त्यस घरबाट पनि निस्किएको रेखाले बताइन् । त्यसपछि उनीहरु जाने घर कतै थिएन । कैयौँ दिन ती दुई बहिनीले सडकमै रात बिताए । रेखा भन्छिन्, "केही दिनसम्म सडकका गल्लीमा रात दिन बितायौँ, अनि काम खोज्दै गर्दा तुलसीपुर उपमहानरपालिका वडा नं ६ को एक घरमा पुग्यौँ । त्यही घरको अन्टीले खान बस्न दिनुभयो र घरको काममा लगाउनुभयो", गहभरि आँशु पार्दै उनले सुनाइन् । आफूहरु त्यहाँ रहेको थाहा पाएपछि आमा पनि भेट्न आउने गरेको रेखाले बताइन् । घरका मानिसलाई थाहा नदिएर आमा भेट्न आउने गरेकी थिइन् । कहिलेकाहीँ लत्ताकपडा त कहिले खाने कुरा ल्याएर आमा आउने गरेको रेखाले बताउँछिन् । दुई हप्ताजति सो घरमा बसेपछि आफन्तको खोजी गरेर आफूहरुलाई हजुरआमाको जिम्मा लगाएको रेखाले सुनाइन् । त्यसपछि हजुरआमा देशनी चौधरीसँगै उनीहरु बस्न लागे । अहिले पनि उनीहरु हजुरआमासँगै छन् तर खानपिनको जोहो भने मजदुरी गरेरै गर्नुपर्छ । मजदुरी गरेर ल्याएको पैसाले दाल, चामल, नुन तेल किनेर गुजारा चलाउने गरेको रेखाले सुनाइन् । रेखाले भनिन्, "हजुर आमा ७५ वर्षकी हुनुहुन्छ । उहाँले दिनभर अरुको घरमा मजदुरी गर्नु हुन्छ र मैले भने बिहान बेलुका अरुको घरमा भाँडा माझ्ने काम गर्दछु । यसरी दिन चलाएका छौँ । दिउँसोको समयमा म र बहिनी पढ्न स्कुल जाने गरेका छौँ ।" रेखाले तुलसीपुरमा रहेको एक सामुदायिक विद्यालयमा कक्षा ६ मा र बहिनी रेणुकाले कक्षा ५ मा अध्ययन गरिरहेका छन् । उनकी हजुरआमा देशनी चौधरीले तुलसीपुर उपमहानर पालिका वडा नं १२ को भूते डाँडा भन्ने ठाउँमा रहेको ऐलानी जग्गामा सानो कच्ची घर बनाएकी छन् । उनीहरुको रात काट्न ओत लाग्ने घर त्यही हो । देशनीले भनिन्, "मैले छोरीलाई सानैमा बिहे गरिदिएँ, धन सम्पत्ति थिएन र पढाउन पनि सकिन, श्रीमान् र घरपरिवारले त गरिबकी छोरी भन्दै दिनहुँ हेला गर्ने, खान नदिने कुटपिट गर्ने गर्न थालेपछि छोरीले त्यो पीडा सहन नसकेर माइतीमा आएर बसी र केही समयपछि सम्बन्ध विच्छेद गरेर दोस्रो विवाह गरेर गएकी हो । यी नातिनीहरुको विचल्ली नहोस् भनेर मैले नै पालन तालन गरेकि छु ।" "अहिले मलाई पनि दुईवटी नातीलाई कसरी पढाउँ र के खुवाउँ भन्ने समस्या छ", उनले सुनाइन् ।

त्यसैगरी रोल्पा जिल्लाकी १४ वर्षीया कमला विक पनि तुलसीपुर बजारमा रहेको एक नास्ता पसलमा काम गर्दै आएकी छन् । घरमा खान पुग्दैन आफू सानै छँदा बुबाको निधन भयो । घरखर्च चलाउने पैसा कमाउन आमालाई जानकारी नै नदिएर साथीहरुसँग भागेर आफू यहाँ आएको उनले बताइन् । कक्षा ५ मा अध्ययन गरिरहेकी कमलाले आफ्नो घरमा आर्थिक समस्याको अवस्था देखेपछि पढ्दा पढ्दै छोडेर यहाँ आएको बताउँछिन् । उनी भन्छिन्, "घरको आर्थिक अवस्था कमजोर छ । आमा, दुई बहिनी र भाइलाई पालनपोषणमा सहयोग पुऱ्याउनका लागि मैले पैसा कमाउनुपर्छ भन्ने सोचले काम गर्न आएकी हुँ ।" रेखा र कमला अहिलेका लागि प्रतिनिधिपात्र मात्र हुन् । घरको वातावरण तथा अन्य सामाजिक परिवेशका कारण यसरी रेखा र कमलाजस्तै बालबालिका बेसहारा बनेर सडकमा आउने गरेका छन् । अभिभावकको लापरबाही, चेतनाको अभाव, गरिबी लगायतका कारण पढ्ने लेख्ने समयमा अर्काको घरमा काम गर्नुपर्ने बाध्यता उनीहरुको रहेको छ । तुलसीपुर उपमहानगरपालिका वडा नं ६ ले पाँच वर्षअघि वडालाई बालश्रममुक्त वडा घोषणा गरिसकेको छ । तर अहिले पनि आर्थिक अभावका कारण धेरै बालबालिका अरुका घर तथा पसल तथा यातायातका साधनमा श्रम गर्न बाध्य भएका छन् । ***-रासस***

# हाम्रा नानीबाबुले प्रकृतिबाट सिकून्

**रविन खड्का :**



प्रकृतिको सुन्दरता भन्नु नै बीउ अंकुरण हुनु, बढ्नु, झांगिनु, फुल्नु र फैलनु हो । प्रकृति, व्यापक अर्थमा भन्नु पर्दा प्राकृतिक विश्व वा भौतिक विश्वसँग समतुल्य हुन्छ । प्रकृतिले भौतिक विश्वका घटना तथा सामान्य रूपमा जीवनलाई सान्दर्भिक बनाउँछ । तर आजभोलिको आधुनिक जीवनशैलीले हामीलाई प्रकृतिबाट दिनानुदिन झन्-झन् टाढा लैजाँदैछ । प्रकृतिसँग विमुख भएर बाँच्न खोज्नु सिङ्गो मानव जगतलाई नै घातक हुनसक्छ, त्यसैले हामीले समयमै प्रकृतिको महत्व बुझ्न र यसको आत्मसात् गर्दै जीवनयापन गरौं र आफ्ना नानीबाबुलाई पनि गर्न प्रेरित गरौं । हाम्रा नानीबाबुहरूले प्रकृतिबाट सिकून् ।

*कितबका पानामा होइन, आकाशमा हेरेर जून, तारा र घाम छुट्याउन सिकून् । आकाशमा असंख्य ताराहरू हुँदा रहेछन् भनेर जान्न तिनलाई विज्ञान किताबको कुनै पाठ कुर्नु नपरोस् । घर अगाडि दुबैदुबोको सानो चौर होस्, जहाँ साँझपख प्रकृतिको शीतलतासँगै पुर्लुक्क पल्टेर आकाशतर्फ हेर्दै सिकून् । मानिस परिस्थिति अनुसार चल्न सिक्नुपर्छ । दिनमा हाँसेको घामलाई हेरेर र रातमा पनि हाँसेको जूनलाई हेरेर भनुन्, जीवनमा जस्तो परिस्थिति छ, त्यसै अनुसार खुसी रहन सक्नुपर्छ । तिनले नदी ठूलो र खोला सानो हुन्छ भनेर जान्न सामाजिक वा भूगोल किताबको कुनै एकाइ पर्खिनु नपरोस् । प्रकृतिमै गएर देखुन् र सिकून् । नदी र खोला हेरेर लक्ष्य ठूलो लिन सिकून् ।*

ताल वा पोखरी हेरेर तिनले शान्त रहन सिकून् । हिमाल र पहाड हेरेर आफ्ना विचारमा आत्मविश्वासी र अटल रहन सिकून् । निरन्तर झरेको झरनाको पानीले त्यति कडा पत्थरलाई समेत काटेको देखेर निरन्तरताको सामु असम्भव भन्ने केही रहेनछ भन्ने कुरा सिकून् । डाँडाका वृक्षलाई हेरेर सिकून्, जीवनमा जति आँधी हुरी आउँछन्, त्यसले झन् बलियो र निडर बनाउँदो रहेछ । ढुङ्गाको कापबाट उम्रेको पीपललाई देखेर तिनलाई लागोस्, प्रतिभा र दृढ इच्छाशक्ति भएको मान्छे जस्तोसुकै परिस्थितिमा फल्न र फुल्न सक्छ । जतिसुकै भारी वर्षा, झरी र घाममा पनि ओत नलागी हुर्कने जंगलका वृक्ष देखेर तिनले चुनौतीको सामना गर्न सिकून् । कमिलाको ताँती हेरेर तिनले समूहमा मिलेर काम गर्न सिकून् । त्यति सानो चुच्चाले एक एक सिन्का ल्याएर गुँड बनाएको देखेर तिनलाई महसुस होस् कि परिश्रम गरे ढिलोचाँडो सफल अवश्य भइन्छ । किताबका पानामा होइन, आकाशमा हेरेर जून, तारा र घाम छुट्याउन सिकून् । आकाशमा असंख्य ताराहरू हुँदा रहेछन् भनेर जान्न तिनलाई विज्ञान किताबको कुनै पाठ कुर्नु नपरोस् । घर अगाडि दुबैदुबोको सानो चौर होस्, जहाँ साँझपख प्रकृतिको शीतलतासँगै पुर्लुक्क पल्टेर आकाशतर्फ हेर्दै सिकून् । मानिस परिस्थिति अनुसार चल्न सिक्नुपर्छ । दिनमा हाँसेको घामलाई हेरेर र रातमा पनि हाँसेको जूनलाई हेरेर भनुन्, जीवनमा जस्तो परिस्थिति छ, त्यसै अनुसार खुसी रहन सक्नुपर्छ । तिनले नदी ठूलो र खोला सानो हुन्छ भनेर जान्न सामाजिक वा भूगोल किताबको कुनै एकाइ पर्खिनु नपरोस् । प्रकृतिमै गएर देखुन् र सिकून् । नदी र खोला हेरेर लक्ष्य ठूलो लिन सिकून् । साना कुराहरू त ठूलो अस्तित्त्वमा लीन हुँदा रहेछन् भन्ने सिकून् । चिललाई हेरेर उड्न सिकून् । उड्न नसके चितुवालाई हेरेर दगुर्न सिकून् । दगुर्न नसके, हरिण, मृगलाई हेरेर हिंड्न सिकून् । हिंड्न नसके सर्प वा गोहीलाई हेरेर घस्रन सिकून् । घस्रन पनि नसके नदीलाई हेरेर अविरल बगिरहन सिकून् तर कहिल्यै पनि चुपचाप नबसुन् ।

प्रकृति जति स्वाभाविक छ हाम्रा नानीबाबुहरूले पनि शिक्षा त्यति स्वाभाविक रूपमा सिक्दै जाउन् । पिंजडामा थुनिएका पन्छीहरूको अध्ययन प्रकृतिको अध्ययन होइन भन्ने बुझुन् । किताबमा छापिएको आकाशको तस्बिर प्रकृतिको परिचय होइन भन्ने बुझून् । ठूला ढुङ्गा र सिमेन्ट थुपारेर त्यसमा गाग्रीको पानी ल्याएर बनाएको नाली प्रकृति होइन भन्ने बुझून् । प्रगतिशील भनिने स्कुलको प्रोजेक्टरमा देखाइने वन-जंगलको भिडियो प्रकृति होइन भन्ने बुझून् । प्राकृतिक सौन्दर्यले दिने खुसी कार्टुन, एनेमी र भिडियो गेमले दिन सक्दैन भन्ने बुझून् । कलकल झरिरहेको सलल बगिरहेको पानीमा पौडिंदा मिल्ने खुसी त सयौं स्वीमिङ पुलले पनि दिन सक्दैन भन्ने बुझून् । हरियाली वातावरणमा बसेर हाम्रा नानीबाबुहरू बसन्तको कलिलो घाम तापुन् र प्रकृतिसँग आत्मसात् गरुन् । बोटबिरुवाको महत्व बुझ्न तिनलाई अस्पतालमा अक्सिजन नपाएर जीवन-मृत्युको दोसाँधमा छट्पटिरहेको कुनै गम्भीर बिरामीको कथा पढ्नु नपरोस् । मोबाइल, प्रोजेक्टर र टेलिभिजनको पर्दामा होइन, कुनै वृक्षको फेदमा बसेर अनमोल हावाको स्पर्शसँगै यो जुरेलीको आवाज हो, यो मैनाको, यो मयूरको, यो कोइलीको गीत हो भनेर एउटा एउटा हाँगामा कोमल नयन डुलाउँदै ती चराहरू हेर्न र खोज्न सिकून् । नदीका किनारमा आउने छछल्कालाई हाम्रा नानीबाबुहरूले नाङ्गा गोडाहरूले स्पर्श गरेर फर्किऊन् । खोला, नदीका किनारमा बसेर हातखुट्टाका सहाराले थरीथरीका चित्रहरू कोरून्, अनि निमेषभरमै प्रत्यक्ष असंख्य किताबी ज्ञान सिकून् ।

सधैं कति स्कुल स्कुल मात्र भन्नुहुन्छ ? कुनै दिन प्रकृतिमा लगेर आफ्ना नानीबाबुलाई आफ्नो मर्जीले प्रकृतिसँगै रमाउन दिनुहोस् । प्रकृतिमै विज्ञान छ, गणित छ, साहित्य छ, समाज छ, इतिहास छ । प्रकृतिमा सबै छ । वृक्षमा वल्लो डाली पल्लो डाली चराचुरुङ्गी नाच्दा जमिनतिर खस्ने सिन्का देखेर तिनीहरू गुरुत्वाकर्षणको नियममा थप स्पष्ट हुन सिकून् । हाम्रा नानीबाबुहरू कुनै एउटा बाटामा पानी राखेर छोडिदिंदा त औधी खुसी भएर खेलिरहेका हुन्छन् । झन् कुनै खोला वा नदीका किनारमा रहेका स-साना डोबिल्काहरूमा लगेर छोडिदिंदा कसो गर्लान् प्रकृतिमा संगीत सुन्न न गितार चाहिन्छ, न मादल मुर्चुङ्गा र ख्याली नै ! त्यहाँ त सबैखाले संगीत छ । जुरेलीको आफ्नै भाका, कोइलीको आफ्नै सुर, हावा चल्दा सुसाउने सालघारी र सल्लाघारीको आवाज त फरक छ । झरना, खोला र छहराको आफ्नै संगीत छ । त्यसैले प्रकृतिमा सबै खुसी छन् । अनि हामी सधैं हाम्रो नानीबाबुको खुसीको कुरा गर्छौं त प्रकृतिसम्म हाम्रा नानीबाबुलाई किन नलैजाने ? हाम्रा नानीबाबुले यो पनि बुझून् कि प्रकृतिले बाँच्ने कला सिकाउँछ । जीवन पद्धति सिकाउँछ । सबै जगत बुझ्न सिकाउँछ । हरेक प्राकृतिक जीव तथा वनस्पतिको भूमिका कति महत्वपूर्ण छ भन्ने सिकाउँछ । हाम्रा नानीबाबुहरूमा प्रेम, आत्मीयता र सौहार्दता सिकाउँछ । हाम्रा नानीबाबुलाई प्रकृतिमा रमाउन प्रेरित गरौं । हप्ताको एक पटक भए पनि नजिकैको वन-जंगलमा लैजाऔं । बोटबिरुवा रोप्न र तिनको संरक्षण गर्न सिकाऊँ । साथै तिनलाई बोटबिरुवा विना मानव अस्तित्व छैन भन्ने बुझाऊँ । यसका लागि आफ्ना नानीबाबुलाई प्रकृतिमा रमाउन दिऊँ । प्रकृतिसँग नजिक हुँदा हाम्रा नानीबाबुहरूको शारीरिक, मानसिक, आत्मिक र सामाजिक विकास हुन्छ भन्ने कुरा सिकाऔं र सिकून् । हाम्रा नानीबाबुले प्रकृतिबाट जीवन सिकून्, देश बुझून्, सुख र दुःख- दिन र रात जस्तै हुन् भन्ने सिकून् । चुनौतीको सामना गर्न सिकून्, निडर हुन सिकून्, समानता सिकून् । तिनले प्रकृतिबाट सबै कुरा सिकून् ।

***-अनलाइन खबर डटकम***

# सकियो चतुर्मास, विवाह–व्रतबन्धको सिजन शुरु



**पाल्पा,** मंसिर १०/आज कार्तिकशुक्ल पूर्णिमा अर्थात् शरद ऋतुको दोस्रो पूर्णिमा । यसलाई चतुर्मास वा कार्तिकस्नान समाप्त हुने पूर्णिमा भनिन्छ । यो दिन विशेषगरी विष्णुका मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्छ ।

आषाढ शुक्ल एकादशीदेखि शुरु भएको चतुर्मास सोमबारदेखि सकिएको हो । कार्तिक शुक्ल पूर्णिमाको दिन हरेक वर्ष चतुर्मास समापन गरिने चलन छ । चतुर्मासमा शुभकार्यहरु गर्नाले कुनै फलिफाप नहुने विश्वास गरिन्छ । त्यसैले यो समयमा विभिन्न विशेष काम तथा शुभकार्यहरु शुभारम्भ गरिँदैन । यो समयमा भगवान् विष्णु निद्रामा हुने भएकाले शुभ तथा मंगल कार्यहरू रोकिएको मानिन्छ । आजबाट फेरि शुभ कार्यको थालनी गर्न सकिन्छ, नयाँ सुरुवात गर्न सकिन्छ भन्ने जनविश्वास रहेको छ । मंसिर लागेसँगै विवाह तथा व्रतबन्धका साइतहरू धमाधम सुरु हुन्छन् । चतुर्मासका कारणले रोकिएका विवाह तथा ब्रतबन्धहरु अनि ठूला पूजा-आजा आजबाट सुरु भएका छन् । भगवान् शिवले यसैदिन त्रिपुरासुर नामक दानवको अन्त्य गरेको पुराणमा उल्लेख छ । यसैले यो दिनलाई त्रिपुरी पूर्णिमा पनि भनिन्छ । यो दिन पवित्र नदी तलाउमा स्नान गर्ने र चन्द्रमा उदय भएपछि साँझ शिवजीको पुजा गर्ने विधान छ । शिवा, संभूति, संतति, प्रीति, अनुसूया र क्षमा नामका कृतिकाको पूजा गर्ने विधान पनि पुराणमा छ । यो दिन बराहक्षेत्रमा मेला लाग्ने यो पूर्णिमा लाई नेपाल भाषामा सकिमना पून्हि भनिन्छ ।

पूर्णिमा तिथि अर्थात् चन्द्रमा पूर्ण देखिने दिन । औँसीमा पितृकार्य गरिएजस्तै देवीदेवता सम्बन्धी अनुष्ठानका लागि पूर्णिमाको महिमा छ । चन्द्रमाको कला बढ्दै गएर पूर्ण हुने पक्षलाई शुक्ल र पूर्ण भएको चन्द्रमाको कला घट्दै गएर चन्द्रमा नै नदेखिनेसम्मको अवधिलाई कृष्ण पक्ष भनिन्छ । चन्द्रमा पूर्ण भएको तिथि नै पूर्णिमा हो । वैदिक ग्रन्थहरूले पनि पूर्णिमालाई ठूलो पर्व मानेका छन् । हिन्दुहरूको आदिग्रन्थ वेदको एक अंग मानिने वेदांग ज्योतिषले सम्पूर्ण शुभकर्म गर्नको लागि शुक्लपक्ष नै उत्कृष्ट मानेको छ । महिनाको एउटाको हिसाबले वर्षमा बाह्रवटा पूर्णिमा हुन्छन् । चैत्रशुक्ल प्रतिपदामा संवत्सर (नयाँ वर्ष) आरम्भ हुने भएकोले चैत्रशुक्ल पूर्णिमालाई नै पहिलो पूर्णिमा मानिन्छ । चान्द्रमानको पात्रोअनुसार महिनामा शुक्ल र कृष्ण गरी दुई पक्षका १५/१५ गरी ३० दिन हुन्छन् । चतुर्मास सँगसँगै सनातनी हिन्दु धर्मालम्बीहरुका लागि आजबाट कार्तिक स्नान पनि समापन भएको छ । बडादसैँको समापनसँगै सुरु भएको कार्तिक स्नान समापन भएको हो । आश्विन शुक्ल पूर्णिमाको दिन महालक्ष्मीको आराधना गरेर राति जाग्राम बसेसँगै औपचारिक रूपमा बडादसैं सकिएको थियो, आजबाट अब कार्तिक स्नान पनि सकिएको छ ।

# तेस्रो लगानी सम्मेलन हुने




**पाल्पा,** मंसिर १०/ सरकारले लगानी सम्मेलन आयोजना गर्ने भएको छ । उसले आगामी वैशाख ९ र १० गते काठमाडौंमा तेस्रो लगानी सम्मेलन गर्ने भएको हो । लगानी सम्मेलनका लागि तयारी भइरहेको अर्थमन्त्री डा. प्रकाशशरण महतले जानकारी दिए । आइतबार बसेको निर्देशक समितिको बैठकपछि अर्थमन्त्री डा. महतले लगानी सम्मेलन आयोजना हुनेबारे जानकारी गराएका हुन् ।

तेस्रो लगानी सम्मेलनको सचिवालय लगानी बोर्डको कार्यालयमा रहने जनाइएको छ । लगानी सम्मेलनका लागि आवश्यक कानुनी सुधार, प्राविधिक विषय, लगानीकर्तालाई सम्मेलनबारे जानकारी दिने लगायतका काम कार्यान्वयन समिति र प्राविधिक समितिमार्फत गरिने छ । सम्मेलनमा विदेशी लगानी मात्र नभई नेपाली लगानीकर्ता र गैरआवासीय लगानीकर्तालाई पनि सँगसँगै लैजाने सरकारको तयारी छ । सरकारले गर्न खोजेको यो तेस्रो लगानी सम्मेलन हो । यसअघि फागुन २०७३ र चैत ०७५ मा लगानी सम्मेलन आयोजना गरिएको थियो । आंशिक सफल मानिएको दुई सम्मेलनपछि सरकारले तेस्रो लगानी सम्मेलन गर्न खोजेको छ । यसको पूर्वतयारीको स्वरूपमा लगानी बोर्डले भदौ ०७९ मा सस्टेनेबल इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट फोरम पनि आयोजना गरेको थियो । अहिले नेपाल आर्थिक शिथिलताको अवस्थामा गुज्रिएको छ । त्यो अवस्थामा लगानी भित्र्याउन सकेमा वर्तमान अर्थतन्त्रलाई सुधारतर्फ लैजान सकिन्छ । साथै, समग्र आर्थिक विकासमा यसले सहयोग पुग्ने अपेक्षा छ । त्यो अवस्थामा अहिले लगानी सम्मेलनको आवश्यकता बढी छ ।

# ठेक्का रद्दको चेतावनीपछि...

...'बिहुँबाट घोडाबाँधेसम्मको ठेक्का सम्झौता रद्द भइसक्यो, बागलुङ बजारबाट बिहुँसम्मको १३ किमी सडकको निर्माणसमेत अलपत्र भएपछि ठेक्का रद्दका लागि सूचना प्रकाशित गरेका थियौँ', सूचना अधिकारी सुवेदीले भने, 'तल्लो खण्डमा अन्तिम चेतवानीपछि निर्माण व्यवसायी काममा फर्केको एक महिना भयो, अहिले अछेते बजारबाट बिहुँतर्फको सडकमा कालोपत्रका लागि ग्राभेल गर्ने र बाँकी रहेको स्थानमा पर्खाल लगाउने काम भइरहेको छ ।'

काममा फर्केपछि एकपटक अवसर दिन लागिएको जनाउँदै उनले यसपटक अछेते बजारबाट साढे चार किमीमाथि बिहुँसम्म कालोपत्र गर्ने गरी काम भइरहेको बताए । उक्त निर्माण व्यवसायीले सदरमुकाबाट अछेते बजारसम्म पहिल्यै कालोपत्र गरिसकेको छ । निर्माण कम्पनी काममा फर्केपछि अहिले उक्त खण्डमा कालोपत्र सम्पन्न हुनेमा स्थानीय आशावादी छन् । विकास निर्माणमा लापरवाही देखिएको मध्यपहाडी राजमार्गको उक्त खण्डमा असारअघि नै कालोपत्र सक्न निर्माण कम्पनीलाई निर्देशन दिइएको आयोजना कार्यालयले जनाएको छ । मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तर्गत बागलुङमा पर्ने एक सय ४२ किलोमिटरमध्ये २५ किलोमिटर सडकखण्ड कालोपत्र सम्पन्न हुन सकिरहेको छैन भने अन्य सडक कालोपत्र भइसकेर हस्तान्तरणको प्रक्रियामा छ ।

उपल्लाचौरबाट १३ किलोमिटर सडकको भारत/सिद्धिसाई जेभीसँग २०७३ माघमा दुई वर्षमा सक्ने गरी ठेक्का सम्झौता गरिएको थियो । अहिलेसम्म पाँचपटक म्याद थप गर्दासमेत सम्पन्न हुनसकेको छैन । यस्तै बिहुँबाट घोडाबाँधेसम्मको १२ किमी सडक कालोपत्रका लागि २०७२ माघमा दुई वर्षमा कालोपत्र सक्ने गरी सूर्य कन्ट्रक्सनसँग ठेक्का सम्झौता गरिएकामा पाँचपटक म्याद थप्दासमेत सम्पन्न नभएपछि ठेक्का रद्द गरेर नयाँ ठेक्का प्रक्रियामा गएको छ । ***-रासस***

## खेलकुद समाचार

# लुम्बिनीसँग गण्डकी पराजित



**काठमाडौं,** मंसिर १०/केपी ओली कप टी-२० क्रिकेटमा लुम्बिनी प्रदेशले गण्डकी प्रदेशलाई ५ रनले हराएपछि यो समूहबाट एपीएफ क्लव सेमिफाइनलमा पुगेको छ । समुह बीको अन्तिम खेलमा गण्डकी प्रदेश लुम्बिनी प्रदेशसँग ५ रनले पराजित भएको हो ।

यो समूहका तीन वटै टिमले एक-एक खेल जिते पनि रनरेटमा अघि रहँदै एपीएफ समूह विजेता बनेको हो । लुम्बिनीलाई ८४ रनको फराकिलो अन्तरले हराउने । एपीएफ गण्डकीसँग ४ विकेटले पराजित भएको थियो । समूहको अन्तिम खेलमा पोखरा रंगशालामा टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १०३ रन बनाएको थियो । लुम्बिनीले दिएको १०४ को लक्ष्य पछ्याएको गण्डकी १८.५ ओभरमा ९८ रन बनाउँदै अलआउट भयो । लुम्बिनीका लागि धुव्र सुनार र निर सार्कीले समान २३/२३ रन बनाए । विराट भण्डारी १६ र ओपनर मिर्नाल गुरुङ ११ रनमा आउट भए । अन्य कुनै ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । गण्डकीका लागि अमृत गुरुङले सर्वाधिक ३ विकेट लिएका थिए ।

चन्द्र पौडेलले २ तथा कप्तान विपिन खत्री, सुदीप अर्याल र दिनेश बुढामगरले १/१ विकेट लिए । लक्ष्य पछ्याउने क्रममा गण्डकीको ब्याटिङ चलेन । गण्डकीका लागि सुदीप अर्यालले सर्वाधिक ३५ रन बनाए । कप्तान विपिन १९ रनमा क्याच आउट भए । दिनेश बुढा मगर १३ र कमल परियारले ११ रन बनाए । लुम्बिनीका लागि मोहम्मद हुसेनले सर्वाधिक ४ विकेट लिए । अजय लुनियाले ३ र रमेश कुर्मीले २ विकेट लिए ।

**लालबुक (REd Book) हराएको सूचना**

मिति २०८० साल कार्तिक १३ गतेका दिन पाल्पाको अर्गलीदेखि तानसेनतर्फ आउँदै गर्दा **शसे पुन**को नाममा रहेको निम्न व्यहोराको **बेलायती सेना 1/2 GR 21132473 को लालबुक (REd Book)** हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** शसे पुन
**स्थायी :** मुसिकोट-१, चैनडाँडा, गुल्मी
**सम्पर्क नं. :** ९८५७०३६६३३

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा उच्च अंकले वृद्धि



**काठमाडौं,** मंसिर १०/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा उच्च अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार आइतबार नेप्से परिसूचक ४७ दशमलब ७५ अंकले वृद्धि भएर एक हजार नौ सय सात दशमलब ९५ मा पुगेको हो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलब ८३ अंकले उकालो लागेर तीन सय ६४ दशमलब ८१ म पुगेको छ । नेप्सेका अनुसार कूल ६५ लाख ३० हजार छ सय ४३ कित्ता शेयर रु दुई अर्ब एक करोड १७ लाख ६३ हजार तीन सय ५८ मूल्यमा कारोबार भएको छ ।

नेप्सेका अनुसार, कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु ११ करोड ६६ लाख ६७ हजार दुई सय ६० बराबरको कारोबार भएको छ । रिलायबल नेपाल लाइफ इन्स्योरेन्स रु सात करोड ५६ लाख ९४ हजार पाँच सय २१, नबिल बैंक रु सात करोड ३७ लाख १२ हजार दुई सय ८०, सिटिजन लाइफ इन्स्योरेन्स रु छ करोड ३४ लाख ८६ हजार तीन सय छ र आइएमई लाइफ इन्स्योरेन्स रु पाँच करोड ९८ लाख ८३ हजार पाँच सय २४ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

छ्याङ्दी हाइड्रोपावर, भगवती हाइड्रोपावर, विजय लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ । स्वरोजगार लघुवित्त नौ दशमलब ८९ र रावा इनर्जी डेभलपमेन्ट लिमिटेडका लगानीकर्ताले नौ दशमलब ८८ प्रतिशतले कमाएका छन् । यस्तै, इन्फिनिटी लघुवित्त दुई दशमलब ४७, एनएमबी सुलभ इन्भेक्ष्टमेन्ट फण्ड दोस्रो, आशा लघुवित्त दुई दशमलब ४४, आत्मनिर्भर लघुवित्त दुई दशमलब ३९ र नबिल डिवेञ्चरका लगानीकर्ताले एक दशमलब ९९ प्रतिशतले गुमाएका छन् ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई